नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको सचिवालयको

## निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्तिको लागि दरखास्त दिने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

## प्रथम पटक प्रकाशित मिति : २०८०।१२।१५

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रमको अधीनमा रही **"निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७८"** बमोजिम निजामती कर्मचारीका सन्ततिलाई स्वदेशमा उच्च शिक्षा अध्ययनका लागि शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने प्रयोजनका लागि निजामती सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा व्यवस्थापिका-संसद् सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिमको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारी र निजामती सेवाको पदबाट निवृत्तभरण पाउने अवधि पूरा भई अवकाश भएको वा निजामती सेवाबाट संवैधानिक निकायको पद वा न्यायाधीशको पदमा नियुक्ति भई बहाल रहेको त्यस्तो पदाधिकारी वा न्यायाधीशका तपसिलमा उल्लिखित योग्यता भएका सन्ततिले देहाय बमोजिमका कागजात तथा विवरणहरु संलग्न गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र **शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको** सचिवालय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारमा आइपुग्ने गरी santati.mofaga.gov.np मार्फत निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा अनलाइन दरखास्त **(Online Application)** पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिलः</u>

**१. शैक्षिक प्रोत्साहन वृत्तिको लागि आवश्यक योग्यताः**

(क) दश जोड दुई वा सो सरहको परीक्षामा कम्तीमा GPA २.४ वा पचास प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरी उत्तीर्ण भएको,

(ख) स्वदेशी विश्वविद्यालय वा त्यस्तो विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त स्वदेशी शिक्षण संस्थामा भर्ना भई स्नातक वा सो सरहको तहमा प्रथम वर्षमा वा प्रथम सेमेष्टर वा दोस्रो समेष्टरमा अध्ययन गरिरहेको वा दरखास्त दिने अन्तिम मिति सम्म स्नातक तह वा सो सरहको प्रथम वर्ष वा दोस्रो समेष्टरको प्रयोगात्मक परीक्षा बाहेकको अन्तिम परीक्षा दिईरहेको,

(ग) पच्चीस वर्ष उमेर पूरा नभएको,

(घ) निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा अन्य सार्वजनिक सेवाको पदमा स्थायी नियुक्ति नभएको।

**२. दरखास्तसाथ देहाय बमोजिमका कागजातहरुको सक्कलको Scan Copy अनिवार्य रुपमा upload गर्नुपर्नेछः-**

(क) नागरिकता प्रमाण-पत्र (हालको स्थायी ठेगाना फरक भएमा बसाइसराई प्रमाणपत्र समेत),

(ख) प्रवेशिका (SLC/SEE) र १०+२ को शैक्षिक प्रमाण पत्रहरु (लब्धाङ्क पत्र/ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाण पत्र),

(ग) अभिभावक कर्मचारी कार्यरत रहेको **कार्यालयको सिफारिश पत्र (www.mofaga.gov.np मा उपलब्ध भएको ढाँचा बमोजिम)** तथा सेवा निबृत्त भएका कर्मचारीको हकमा **निबृत्तिभरण अधिकार पत्र** वा अवकाश पत्र,

(घ) सामुदायिक वा सरकारी उच्च माविबाट उच्च माध्यमिक शिक्षा वा सो सरहको परीक्षा उत्तिर्ण गरेकोमा राष्ट्रिय परीक्षा बोर्ड वा सो अन्तर्गतको कार्यालय वा सम्बन्धित स्थानीय तह वा शिक्षा विकास तथा समन्वय एकाईले सम्बन्धित शिक्षण संस्था सामुदायिक वा सरकारी हो भनी गरेको **सिफारिश पत्र,**

(ङ) अध्ययनरत शिक्षण संस्था (कलेज/क्याम्पस) को **सिफारिश पत्र, भर्ना रसिद र फि-स्ट्रक्चर, (www.mofaga.gov.np मा उपलब्ध भएको ढाँचा बमोजिम),**

(च) सरकारी कामकाजको सिलिसलामा मृत्यु भएका कर्मचारीको सन्ततिको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणित पत्र वा घटना पुष्टि हुने सरकारी कागजात,

(छ) समावेशी प्रमाणित गर्ने कागजात,

(ज) नागरिकतावाट अभिभावक कर्मचारी र सन्तति विद्यार्थीको नाता खुल्न नसकेको खण्डमा नाता प्रमाणित प्रमाणपत्र,

(झ) बहालवाला कर्मचारीको हकमा परिचयपत्रको प्रतिलिपि,

(ञ) अभिभावक कर्मचारी र अध्ययनरत सन्ततिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो।

३. शैक्षिक प्रोत्साहन वृत्ति प्रासिका लागि झुट्टा विवरण पेश गरी दरखास्त दिएको पाइएमा कानून बमोजिम कारवाही हुनेछ ।

४. निजामती कर्मचारीका सन्ततीलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउँदा निर्देशिकाको दफा ११ बमोजिम प्राप्त हुने दरखास्तका आधारमा शैक्षिक प्रोत्साहन वृत्ति प्रदान गरिने शैक्षिक सङ्काय, संख्या र रकम तथा दफा ६ बमोजिमको समावेशी कोटा निर्धारण गरिनेछ ।

५. सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानून तथा स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

थप जानकारीको लागि
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**कर्मचारी कल्याण शाखा**
**सिंहदरवार, काठमाडौं।**
**फोन: ४२००३०९**
**ईमेल: emp.welfare.section@mofaga.gov.np**
**www.mofaga.gov.np**
www.santati.mofaga.gov.np

# शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन प्रणाली

## प्रयोगकर्ता निर्देशिका (User Manual)

जानकारीका लागि

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
कर्मचारी कल्याण शाखा
सिंहदरवार

फोनः ०१-४२००३०९
ईमेलः emp.welfare.section@mofaga.gov.np
www.mofaga.gov.np

## आवेदन प्रणालीमा आवेदन दिनका लागि निम्न प्रकृयाहरु Follow गर्न हुन अनुरोध छ।

**STEP 1:**

***https://santati.mofaga.gov.np***

आवेदन प्रणालीको URL खोले पश्चात तलको लगईन पेज खुल्ने छ ।

आवेदकले आफ्नो आवेदनको अवस्था कुन अवस्थामा छ भनेर विवरण चेक गर्नका लागि यो लिङ्क प्रयोग गर्न सकिन्छ ।

आवेदकको कम्प्युटरमा युनिकोड नभएमा युनिकोड प्रविष्ट गर्नु पर्ने टेक्ट फिल्डमा युनिकोड एक्टिभेट गर्नका लागि यो अप्सन प्रयोग गर्न सकिन्छ । यसमा (Unicode Layout(Preeti), Romanize र English Keyboard Layout) उपलब्ध रहेको छ ।




आवेदकले लग-इन गर्ने पासवर्ड बिर्सिएमा यो लिङ्कको प्रयोग गरेर पासवर्ड परिवर्तन गर्न सकिन्छ ।

नयाँ आवेदक खाता खोल्नका लागि यस लिङ्कको प्रयोग हुन्छ, यो लिङ्क आवेदन खुलेपछि मात्र सकृय हुन्छ ।

**STEP 2**

-आवेदकको योग्यता विवरण हेर्नका लागि आवेदकका योग्यता Tab मा क्लिक गर्नुहोस् ।

-आवश्यक कागजात तथा सिफारिस पत्रको ढाँचा प्राप्त गर्नका लागि आवश्यक कागजातहरु Tab मा क्लिक गर्नुहोस् ।

-प्रयोगकर्ता Manual प्राप्त गर्न प्रयोगकर्ता पुस्तिकामा Click Tab मा क्लिक गर्नुहोस् ।

-आवेदन खुल्ला भए पश्चात आवेदन प्रणालीमा आवेदक खाता खोल्नका लागि **"यहाँ क्लिक"** गर्नुहोस् मा क्लिक गर्नुहोस् ।

**STEP 3:**

-आवेदन प्रणालीमा नयाँ आवेदन खाता खोल्नका लागि निम्न बमोजिमको प्रकृया पुरा गर्नुहोस्।




आवेदकको विवरण प्रविष्ट गरेर “Sign up” मा Click गर्नुहोस् ।

## STEP 4:

आवेदक विवरण प्रविष्ट गरी “**Sign Up”** क्लिक गरे पश्चात खाता खोल्दा प्रविष्ट गरेको ईमेलमा निम्न बमोजिमको खाता प्रमाणीकरण ईमेल तथा मोबाईलमा म्यासेज प्राप्त गर्नुहुने छ ।




- इमेलमा रहेको आवेदक खाता प्रमाणीकरण भए पश्चात मात्र तपाईले **प्रणालीमा** मा Login गर्न सक्नुहुनेछ।
- आवेदक खाता प्रमाणीकरणका लागि इमेलमा रहेको “**खाता प्रमाणीकरण गर्नुहोस्**” मा क्लिक गर्नुहोस् ।
- खाता प्रमाणीकरण पश्चात आवेदन प्रणालीमा सिधै लग-इन हुनुहुने छ ।

*आवेदक खाता प्रमाणीकरण ईमेल प्राप्त नभएमा प्रणालीमा लग-इन गरे प्रश्चात “**पुनः इमेल पठाउनुहोस्**” मा क्लिक गरेर प्रमाणीकरण लिङ्क प्राप्त गर्न सकिने छ ।*



-प्रणालीको ड्यासबोर्ड तलको जस्तो देखिने छ ।




## STEP 5:-

आफ्नो ID र Password राखेर login वा आवेदक खाता प्रमाणीकरण गरे पश्चात माथिको जस्तो DashBoard देखिनेछ।

- आवेदन प्रकृया सुरु गर्नका लागि "**आवेदन फाराममा**" क्लिक गर्नुहोस् ।
- आवेदनको विवरण हेर्नका लागि **"आवेदन विवरण"** मा क्लिक गर्नुहोस् ।
- आफूले पेश गरेको आवेदनको अवस्था के छ चेक गर्नका लागि "**आवेदन भेरिफाई"** मा क्लिक गर्नुहोस् ।
- आवेदन सुरु गर्न अभिभावक कर्मचारीको राष्ट्रिय किताबखाना (निजामती) मा अभिलेख भएको विवरण प्रमाणीकरण पश्चात आवेदन प्रकृया सुरु गर्न सकिने छ।

१. आवेदन प्रकृया सुरु गर्नका लागि_“**आवेदन फाराम**” मा क्लिक गर्नुहोस् ।

२. अभिभावकको कर्मचारीको संकेत नम्बर र अभिभावकको जन्ममिति प्रविष्ट गरी “**भेरिफाइ गर्नुहोस्**” मा क्लिक गर्नुहोस् ।




-अभिभावकको संकेत नम्बर र जन्म मिति राष्ट्रिय किताबखाना (निजामती) को अभिलेखसँग प्रमाणीकरण भए पश्चात फारामका अन्य सबै विवरणहरु आफै भरिने छन।

-अभिभावकको कर्मचारी विवरण अध्यावधिक भएको छैन भने राष्ट्रिय कितावखाना (निजामती) मा विवरण अध्यावधिक गरेर मात्र पुन: आवेदन प्रकृया सुरु गर्नुहोस् ।

- अभिभावकको संकेत नम्बर र जन्म मितिको आधारमा विवरण **रुजु हुन नसकेमा** राष्ट्रिय कितावखाना (निजामती) मा रहेको कर्मचारी विवरण पुन एकीन गरि आवेदन प्रकृया सुरु गर्नु होस् ।




३. अभिभावकको कर्मचारीको सबै विवरणहरु ठीक भएमा **"सुरक्षित गर्नुहोस्"** मा क्लिक गर्नुहोस् ।

४. **"सुरक्षित गर्नुहोस्"** मा क्लिक गरे पश्चात तलको दिईएको जस्तो **(Step 2) आवेदक सन्ततिको विवरण** फाराम खुल्ने छ ।




*नोट:-सम्पूर्ण फिल्डहरु अनिवार्य रुपमा भर्न जरुरी छ र आवेदन फारम २५ वर्ष भन्दा कम उमेरका सन्ततिले मात्र भर्न सक्नेछन्।*

५. आवेदक सन्ततिको विवरण प्रविष्ट गरेर “**सुरक्षित गर्नुहोस्**” मा क्लिक गर्नुहोस्।

*(**नोट:** युनिकोड लेखेको फिल्ड अनिवार्य रुपमा युनिकोडमै विवरण प्रविष्ट गर्नु होला। किबोर्ड लेआउट फारामको दायाँतर्फ माथि रहेको Keyboard बाट युनिकोड, रोमानाईज र अंग्रेजी लेआउटमा परिवर्तन गर्न सकिने छ।)*




-Step2 सन्ततिको विवरण **“सुरक्षित गर्नुहोस्”** मा क्लिक गरे पश्चात विवरण एकीन गरेर “**अगाडि जानुहोस्**” मा क्लिक गरेपछि तल दिईएको जस्तो **(Step3) आवेदकको शैक्षिक र अन्य विवरण** फाराम खुल्नेछ।



आवेदकको शैक्षिक र अन्य विवरण प्रविष्टी उल्लेखित बमोजिमका विवरणहरु एकिन गरि भर्नुहोस् ।

SEE/ S.L.C अध्ययन गरेको विद्यालयको विवरण

प्रकार: सामुदायिक/सरकारी
विद्यालयको नाम: School
प्रदेश रोज्नुहोस: प्रदेश नं. १
जिल्ला जिल्ला रोज्नुहोस: मोरङ
स्थानीय तह: धनपालथान गाउँपालिका
वडा न.: 1
SEE/ S.L.C वा सो सरहको परीक्षामा प्राप्तांक प्रकार: प्रतिशत
प्राप्तांक को बर्गान्तर ग्रेड/प्रतिशत %: ७० वा सोभन्दा माथि ८० भन्दा कम
SEE/ S.L.C वा सो सरहको परीक्षाको प्राप्तांक: 75

१०+२ वा सो सरह अध्ययन गरेको विद्यालयको विवरण

प्रकार: सामुदायिक/सरकारी/ त्रि.वि.वि. आंगिक
१०+२ वा सो सरहको क्याम्पस/विद्यालयको नाम: school
प्रदेश रोज्नुहोस: प्रदेश नं. १
जिल्ला जिल्ला रोज्नुहोस: ताप्लेजुङ
स्थानीय तह: फक्ताङलुङ गाउँपालिका
वडा न.: 1
१०+२ वा सो सरहको परीक्षामा प्राप्तांक प्रकार: ग्रेड
प्राप्तांक को बर्गान्तर ग्रेड/प्रतिशत %: B+ (3.2)
१०+२ वा सो सरहको परीक्षामा प्राप्तांक: 80

हाल अध्ययनरत (स्नातक तह) शैक्षिक संस्थाको विवरण

विश्वबिद्यालयको नाम: Tribhuvan University
अध्ययनरत शिक्षण संस्थाको नाम: Jitpur Campus
प्रदेश रोज्नुहोस: प्रदेश नं. १
जिल्ला रोज्नुहोस: ताप्लेजुङ
स्थानीय तह: फक्ताङलुङ गाउँपालिका
वडा न.: 1
अध्ययनरत शिक्षण संस्थाको फोन नं.: 014460889
अध्ययनरत शिक्षण संस्थाको इमेल: school@gmail.com
अध्ययनरत शिक्षण संस्थाको वेबसाईट: info.school.com.np
अध्ययनरत संकाय: स्वास्थ्य बिज्ञान
अध्ययन गरेको कार्यक्रम/बिषय: IT
विद्यार्थीको रोल नं.: 50
अध्ययन पुरा गर्न लाग्ने जम्मा शैक्षिक शुल्क: अध्ययन पुरा गर्न लाग्ने जम्मा शैक्षिक शुल्क
बिद्यार्थी भर्ना भएको बर्ष (मिति): 2077-01-04
अध्ययनरत सेमेस्टर/बर्ष प्रकार: बर्ष
अध्ययनरत सेमेस्टर/बर्ष: पहिलो बर्ष

अन्य निकाय बाट छात्रवृत्ति पाएको/नपाएको

अन्य निकाय बाट छात्रवृत्ति पाएको/नपाएको ?: पाएको
छात्रवृत्ति प्रदान गरेको निकायको नाम
छात्रवृत्ति पाएको रकम(रु.)
छात्रवृत्ति पाएको मिति

सन्ततिको जागिर अवस्था

आवेदक सन्तति निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा अन्य सार्वजनिक सेवाको पदमा स्थायी नियुक्ति भएको वा नभएको: नभएको

पछाडि फर्किनुहोस | सुरक्षित गर्नुहोस्

६. आवेदकको शैक्षिक र अन्य विवरणहरु अनिवार्य रुपमा प्रविष्टी गरेर सुरक्षित गर्नुहोस् । माथि जस्तै यो फाराममा पनि सम्पूर्ण फिल्डहरु भर्न आवश्यक छ।

*नोट:- अन्य निकायबाट छात्रवृत्ति / छुट पाएको छ भने निकायको नाम रकम र मिति अनिवार्यरुपमा खुलाउनु पर्नेछ ।*

सबै विवरणहरु भरी सुरक्षित गरेर “**अगाडि जानुहोस्**” मा क्लिक गरेपछि **(Step 4) आवश्यक कागजातहरु तथा स्व-घोषणा** अपलोड गर्ने फाराम खुल्नेछ।

७. पहिला जस्तै यो फाराममा पनि फोटो तथा PDF File हरु अपलोडका लागि रोज्नुहोस् र *“अनलाइन आवेदन फाराम म आफैले भरेको हुँ फाराममा भरेका र अपलोड गरेका सबै विवरण ठीक साँचो छन्, झुठा ठहरे कानुन बमोजिम सहुँला/बुझाउँला ।”* मा चेक गरेर **“फाईल अपलोड गरी सुरक्षित गर्नुहोस्”** मा क्लिक गर्नुहोस् ।




*नोटः- फोटो 500kb भन्दा ठूलो हुनु हुदैन । pdf फाइल 1MB भन्दा ठूलो हुनु हुदैन* ***(* अनिवार्य अपलोड गर्नु पर्ने कागजात)***

-सबै फाईलहरु अपलोड भए/नभएको चारित्रिक प्रमाणपत्रहरु तथा अन्य संलग्न कागजातहरु एउटै (PDF) फाईलमा भए/नभएको एकीन गरेर “**अगाडि जानुहोस्**” मा क्लिक गर्नुहोस् ।

- फाईल अपलोड गरेर **“अगाडि जानुहोस”** मा क्लिक गरे पश्चात (Step 5) **विवरण रुजु गरी पेश गर्नुहोस्** फाराम खुल्ने छ । सो फाराममा रहेका सबै विवरणहरु एकीन/रुजु गर्नुहोस् ।

८. विवरण पुन: सुरु देखि हेर्नका लागि “**आवेदन रुजु गर्नुहोस्**” मा क्लिक गर्नुहोस् । **आवेदन रुजु गर्नुहोस्** क्लिक गरिसकेपछि प्रथम पृष्ठ देखिनेछ र सबै विवरण सुरुदेखि पुनः हेर्न सकिनेछ र यदि सम्पूर्ण विवरण सही छ भने “**आवेदन पेश गर्नुहोस्**” मा क्लिक गर्नुहोस् ।



१ अभिभावक कर्मचारीको विवरण | २ आवेदक सन्ततिको विवरण | ३ आवेदकको शैक्षिक र अन्य विवरण | ४ आवश्यक कागजातहरू | ५ विवरण रुजु गरी पेश गर्नुहोस्

**आवेदकको विवरण**

आवेदन नम्बर: [redacted]    पेश मिति: २०८०-१-१२ गते, १३:१६:१५ बजे    दर्ता नम्बर: [redacted]

**आवेदकको विवरण**

| | |
|---|---|
| **आवेदकको नाम:** | राम प्रसाद ढकाल |
| **आवेदकको सम्पर्क नम्बर:** | [redacted] |
| **आवेदक जन्म मिति:** | २०८०-०१-११ |
| **लैङ्गिकता:** | पुरुष |
| **आवेदकको ईमेल** | [redacted] |
| **सहभागिता प्रकार:** | खुल्ला |
| **सहभागिता उप-प्रकार:** | |

**अविभावकको विवरण**

| | |
|---|---|
| **कर्मचारीको नाम:** | पुण्य प्रसाद ढकाल |
| **कर्मचारी संकेत नम्बर:** | १८५००३ |
| **कर्मचारीको जन्म मिति:** | [redacted] |
| **कर्मचारीको लैङ्गिकता:** | पुरुष |
| **सम्पर्क नम्बर:** | [redacted] |
| **हालको सेवा/समूह/उपसमूह** | नेपाल प्रशासन सेवा |
| **हालको श्रेणी:** | रा.प.अनं.प्रथम श्रेणी |
| **हालको पदनाम:** | नायव सुब्बा |
| **हाल कार्यरत कार्यालय:** | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| **सेवाको अवस्था:** | बहालवाला कर्मचारी |

| | |
|---|---|
| **स्थायी ठेगाना:** | बटेश्वर गाउँपालिका, वडा नं. ३, धनुषा, मधेश प्रदेश |
| **अस्थायी ठेगाना:** | किस्पाङ गाउँपालिका, वडा नं. ३ , नुवाकोट, बागमती प्रदेश |
| **सन्ततिको ना.प्र.नं. र जारी भएको जिल्ला:** | ४५३४५३४५३४, इलाम |
| **नागरिकता जारी गर्ने कार्यालय:** | जिल्ला प्रशासन कार्यालय, इलाम |
| **नागरिकता जारी मिति:** | २०८०-०१-११ |

**अपलोड गरिएका कागजातहरु**

- आवेदकको नागरिकताको प्रमाणपत्र
- प्रवेशिका (SEE/SLC) र १०+२ को शैक्षिकप्रमाणपत्रहरु
- अभिभावक कार्यरत रहेको कार्यालयको सिफारिशपत्र
- अध्ययनरत शिक्षण संस्थाको सिफारिश पत्र
- शिक्षण संस्था सामुदायिक वा सरकारी भएको सिफारिश पत्र

**SEE/ S.L.C अध्ययन गरेको विद्यालयको बिबरण**

| | |
|---|---|
| **विद्यालयको प्रकार:** | सामुदायीक/सरकारी |
| **विद्यालयको नाम:** | Mahandra Ratna Higher Secondary School |
| **विद्यालयको रहेको ठेगाना:** | भगवानपुर गाउँपालिका, वडा नं. ३ , सिराहा, मधेश प्रदेश |

**SEE/ S.L.C वा सो सरहको परीक्षामा प्राप्त अंक**

| | |
|---|---|
| **प्राप्तांकको प्रकार:** | ग्रेड |
| **प्राप्तांकको बर्गान्तर ग्रेड/ प्रतिशत:** | ३.६ देखी ४.० सम्म |
| **परीक्षाको प्राप्तांक:** | 3.64 |

**१०+२ वा सो सरह अध्ययन गरेको विद्यालयको बिबरण**

| | |
|---|---|
| **विद्यालयको प्रकार:** | सामुदायिक/सरकारी |
| **१०+२ वा सो सरहको क्याम्पस/विद्यालयको नाम:** | Orlando Shepard |
| **क्याम्पस/विद्यालय रहेको ठेगाना:** | पनौती नगरपालिका, वडा नं. ९ , काभ्रेपलाञ्चोक, बागमती प्रदेश |

**१०+२ वा सो सरहको परीक्षामा प्राप्त अंक**

| | |
|---|---|
| **प्राप्तांकको प्रकार:** | ग्रेड |
| **प्राप्तांकको बर्गान्तर ग्रेड/ प्रतिशत:** | ३.६ देखी ४.० सम्म |
| **परीक्षाको प्राप्तांक:** | 3.65 |

**हाल अध्ययनरत (स्नातक तह) शैक्षिक संस्थाको विवरण**

| | |
|---|---|
| **विश्वविद्यालयको नाम** | GANDAKI UNIVERSITY |
| **अध्ययनरत शिक्षण संस्थाको नाम:** | CENTRAL CAMPUS |
| **अध्ययनरत शिक्षण संस्थाको ठेगाना:** | घरपझोङ गाउँपालिका, वडा नं. ३ , मुस्ताङ, गण्डकी प्रदेश |
| **अध्ययनरत संकाय:** | स्वास्थ्य विज्ञान |
| **अध्ययन गरेको कार्यक्रम/विषय:** | BACHELOR IN SCIENCE (PHARMA) |
| **विद्यार्थीको रोल नं.:** | 345345345 |
| **अध्ययन पुरा गर्न लाग्ने जम्मा शैक्षिक शुल्क रु.:** | 5678788 |
| **विद्यार्थी भर्ना भएको वर्ष (मिति):** | २०८०-०१-१२ |
| **अध्ययनरत सेमेस्टर/वर्ष प्रकार:** | वर्ष |
| **अध्ययनरत सेमेस्टर/वर्ष:** | पहिलो वर्ष |

**अध्ययनरत शिक्षण संस्थाको सम्पर्क विवरण**

| | |
|---|---|
| **फोन नं.:** | +1 (737) 988-8259 |
| **इमेल:** | ladasyp@mailinator.com |
| **वेवसाईट:** | https://www.tydum.co.uk |

**अन्य निकाय बाट छात्रवृत्ति पाएको/नपाएको**

| | |
|---|---|
| **अन्य निकाय बाट छात्रवृत्ति:** | नपाएको |
| **सन्ततिको जागिर अवस्था:** | नभएको |

**आवश्यक कागजातहरू**

- आवेदकको नागरिकताको प्रमाणपत्र
- प्रवेशिका (SEE/SLC) र १०+२ को शैक्षिकप्रमाणपत्रहरु
- अभिभावक कार्यरत रहेको कार्यालयको सिफारिशपत्र
- अध्ययनरत शिक्षण संस्थाको सिफारिश पत्र
- शिक्षण संस्था सामुदायिक वा सरकारी भएको सिफारिश पत्र

**सन्तति र अविभावकको फोटो र हस्ताक्षर**

सन्तति विद्यार्थीको फोटो | अभिभावक कर्मचारीको फोटो

सन्तति विद्यार्थीको दस्तखत | अभिभावक कर्मचारीको दस्तखत

पछाडि फर्किनुहोस् | आवेदन रुजु गर्नुहोस् | आवेदन पेश गर्नुहोस्

आवेदन पेश गरे पश्चात आवेदन पेश भएको जानकारी आवेदकको ईमेल तथा मोबाईलमा म्यासेज प्राप्त हुने छ । "**विवरण प्रिन्ट गर्नुहोस्**" मा Click गरेर QR Code सहितको आवेदन फाराम प्रिन्ट गरि सुरक्षित राख्नुहोला।




*आवेदन अनिवार्य रुपमा पेश गर्नुहोला । पेश नभएको आवेदन उपर कुनै कारवाही हुने छैन । आवेदन पेश भए पश्चात प्राप्त तल देखाईए बमोजिमको (Application Hash सहितको) ईमेल र SMS प्राप्त हुनेछ ।*







आवेदन फाराम पेश भए पश्चात ईमेलमा प्राप्त **लिङ्क** वा "**आवेदन पेश गर्नुहोस्**" सँगैको "**बैङ्क खाता विवरण**" बटन वा प्रणालीको बायाँतर्फ मेनुमा रहेको "**बैङ्क खाता विवरण**" मा Click गरेर "**सेवा निबृत्त कर्मचारीको हकमा पेन्सन खाता बाहेकको अन्य बैङ्क खाताको विवरण**" र थप विवरणका साथै **अभिभावक कर्मचारीको खाताको चेकको** स्क्यानकपी अपलोड गरी "**बैक विवरण सुरक्षित गर्नहोस्**" मा क्लिक गर्नुहोस् ।

अभिभावकको बैङ्क विवरण (**पैसा पठाउने प्रयोजनार्थ**) प्रविष्टि फाराम निम्न बमोजिम हुने छ ।




९. बैकको विवरण भरी बैंक चेकको स्क्यान कपी रोजेर "**बैङ्क विवरण सुरक्षित गर्नुहोस्**" मा क्लिक गर्नुहोस् ।

-बैङ्कको विवरण सुरक्षित गरे पश्चात तपाईको आवदेन प्रकृया पूरा हुनेछ ।

*नोट: आवेदन पेश गरे पश्चात कुनै विवरणहरु थप गर्नु परेमा आवेदन पेश भएको मितिले ३ दिनसम्म सबै विवरणहरु अध्यावधिक गर्न सकिने छ ।*

-आफ्नो आवेदनको प्रकृयागत विवरण थाहा पाउनका लागि लगइन पेजमा रहेको **आवेदन रुजु** तथा प्रणालीको बायाँतिर रहेको **आवेदन भेरिफाई**मा क्लिक गरेर आवेदनको प्रकृयागत विवरण प्राप्त गर्न सकिने छ ।






**आवेदकको लग-इन पासवर्ड बिर्सिएमा निम्न प्रकृयाबाट पासवर्ड परिवर्तन गर्न सकिने छ ।**




-लग-इन पेजमा रहेको **"पासवर्ड भुल्नुभयो ?"** लिङ्कमा क्लिक गर्नुहोस् र आवेदक खाता खोल्दा राख्नु भएको प्रयोगकर्ताको ईमेल ठेगाना प्रविष्ट गरेर **"पासवर्ड रिसेट लिङ्क पठाउनुहोस्"** मा क्लिक गरेर ईमेल पाप्त गरी ईमेलबाट प्राप्त रिसेट लिङ्क क्लिक गरेर पासवर्ड परिवर्तन गर्न सकिने छ ।




प्रणालीसम्बन्धी कुनै प्राविधिक समस्या वा गुनासो भएमा कर्मचारी कल्याण शाखामा सम्पर्क गर्नुहोला ।

# पेश भएको आवेदन फारामको नमुना

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**सिंहदरवार, काठमाण्डौ**
**निजामती कर्मचारीका सन्ततिको शैक्षिक प्रोत्साहन वृत्ति दरखास्त फाराम**
कर्मचारी कल्याण शाखा

यो आवेदन पेश भएको छ ।

**आवेदन नम्बरः २०८०००००४** | पेश मितिः २०७९-१२-२१ गते, २२:५२:२९ बजे | **दर्ता नम्बरः ३**

**आवेदकको विवरण**

| | |
|---|---|
| **आवेदकको नामः** | रमेश गुरागाई |
| **आवेदकको सम्पर्क नम्बरः** | [redacted] |
| **आवेदक जन्म मितिः** | २०५८-१२-१६ |
| **लैङ्गिकताः** | पुरुष |
| **आवेदकको ईमेल** | [redacted] |
| **सहभागिता प्रकारः** | खुल्ला |
| **सहभागिता उप-प्रकारः** | |

**अविभावकको विवरण**

| | |
|---|---|
| **कर्मचारीको नामः** | [redacted] |
| **कर्मचारी संकेत नम्बरः** | [redacted] |
| **कर्मचारीको जन्म मितिः** | [redacted] |
| **कर्मचारीको लैङ्गिकताः** | महिला |
| **सम्पर्क नम्बरः** | [redacted] |
| **हालको सेवा/समूह/उपसमूह** | नेपाल प्रशासन सेवा |
| **हालको श्रेणीः** | विशिष्ट श्रेणी |
| **हालको पदनामः** | [redacted] |
| **हाल कार्यरत कार्यालयः** | [redacted] |
| **सेवाको अवस्थाः** | बहालवाला कर्मचारी |

| | |
|---|---|
| **स्थायी ठेगानाः** | किस्पाङ गाउँपालिका, वडा नं. ४, नुवाकोट, बागमती प्रदेश |
| **अस्थायी ठेगानाः** | गोदावरी नगरपालिका, वडा नं. १४ , ललितपुर, बागमती प्रदेश |
| **सन्ततिको ना.प्र.नं. र जारी भएको जिल्लाः** | ०१-०३-५५०६७, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) |
| **नागरिकता जारी गर्ने कार्यालयः** | जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) |
| **नागरिकता जारी मितिः** | २०५८-१२-१६ |

**SEE/ S.L.C अध्ययन गरेको विद्यालयको बिबरण**

| | |
|---|---|
| **विद्यालयको प्रकारः** | सामुदायीक/सरकारी |
| **विद्यालयको नामः** | Ratna Rajya Higher Secondary School |
| **विद्यालयको रहेको ठेगानाः** | लक्ष्मीपुर पतारी गाउँपालिका, वडा नं. ५ , सिराहा, मधेश प्रदेश |

**SEE/ S.L.C वा सो सरहको परीक्षामा प्राप्त अंक**

| | |
|---|---|
| **प्राप्तांकको प्रकारः** | ग्रेड |
| **प्राप्तांकको बर्गान्तर ग्रेड/प्रतिशतः** | २.८ देखी ३.२ सम्म |
| **परीक्षाको प्राप्तांकः** | 3.2 |

**१०+२ वा सो सरह अध्ययन गरेको विद्यालयको बिबरण**

| | |
|---|---|
| **विद्यालयको प्रकारः** | सामुदायिक/सरकारी |
| **१०+२ वा सो सरहको क्याम्पस/विद्यालयको नामः** | Mahendra Higher Secondary Shool |
| **क्याम्पस/विद्यालय रहेको ठेगानाः** | कमलामाई नगरपालिका, वडा नं. १२ , सिन्धुली, बागमती प्रदेश |

**१०+२ वा सो सरहको परीक्षामा प्राप्त अंक**

| | |
|---|---|
| **प्राप्तांकको प्रकारः** | ग्रेड |
| **प्राप्तांकको बर्गान्तर ग्रेड/प्रतिशतः** | २.० देखी २.४ सम्म |
| **परीक्षाको प्राप्तांकः** | 2.4 |

**हाल अध्ययनरत (स्नातक तह) शैक्षिक संस्थाको बिबरण**

| | |
|---|---|
| **विश्वविद्यालयको नाम** | TRIBHUVAN UNIVERSITY |
| **अध्ययनरत शिक्षण संस्थाको नामः** | GYAN DEEP COLLEGE |
| **अध्ययनरत शिक्षण संस्थाको ठेगानाः** | रोशी गाउँपालिका, वडा नं. १० , काभ्रेपलाञ्चोक, बागमती प्रदेश |
| **अध्ययनरत संकायः** | बिज्ञान |
| **अध्ययन गरेको कार्यक्रम/विषयः** | BACHELOR IN SCIENCE (ENVIRONMENT SCIENCE) |
| **विद्यार्थीको रोल नं.:** | 45345345 |
| **अध्ययन पुरा गर्न लाग्ने जम्मा शैक्षिक शुल्क रु.:** | 500000 |
| **विद्यार्थी भर्ना भएको बर्ष (मिति):** | २०७९-१२-१६ |
| **अध्ययनरत सेमेस्टर/बर्ष प्रकारः** | वर्ष |
| **अध्ययनरत सेमेस्टर/बर्षः** | पहिलो वर्ष |

**अध्ययनरत शिक्षण संस्थाको सम्पर्क विवरण**

| | |
|---|---|
| **फोन नं.:** | 01-4200405 |
| **इमेलः** | gayandeep@live.com |
| **वेबसाईटः** | https://www.tydum.co.uk |

**अन्य निकाय बाट छात्रवृत्ति पाएको/नपाएको**

| | |
|---|---|
| **अन्य निकाय बाट छात्रवृत्ति?:** | नपाएको |
| **सन्ततिको जागिर अवस्थाः** | नभएको |

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**सिंहदरवार, काठमाण्डौ**
**निजामती कर्मचारीका सन्ततिको शैक्षिक प्रोत्साहन वृत्ति दरखास्त फाराम**
कर्मचारी कल्याण शाखा

यो आवेदन पेश भएको छ ।

☑ माथि उल्लेखित व्यहोरा ठिक साँचो हो , झुटा ठहरे कानुन बमोजिम सहुँला / बुझाउँला ।

**सन्तति र अविभावकको फोटो र हस्ताक्षर:**

| | |
|---|---|
| सन्तति बिद्यार्थीको फोटो | अभिभाबक कर्मचारीको फोटो |
| सन्तति बिद्यार्थीको दस्तखत<br>मिति: २०७९ चैत्र २१ गते मंगलबार | अभिभाबक कर्मचारीको दस्तखत<br>मिति: २०७९ चैत्र २१ गते मंगलबार |

तपाईको आवेदन मिति २०७९ चैत्र २१ गते मंगलबार २२:५२:२९ बजे आवेदन नम्बर **२०८००००४** शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन प्रणालीमा पेश भएको छ ।

*अनुसूची १ (दफा ११ को उपदफा (१) सँग सम्बन्धित)*